# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी,कैलाली,सुदूरपश्चिम प्रदेश,नेपाल

राजश्व ०७५।०७६
च.नं.

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय,कैलाली तथा रेखा निर्माण सेवा लम्की चुहा- २, कैलाली बीच सवारी साधनको पार्किङ्ग शुल्क उठाउने सम्वन्धमा भएको

## सम्झौता पत्र

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय यसपछि (पहिलो पक्ष भनिने) र जि.कैलाली, लम्की चुहा-२ ठेगाना भएको रेखा निर्माण सेवाका संचालक श्री कर्ण बहादुर शाहीको छोरा बर्ष ३९ को जनक बहादुर शाही यसपछि (दोश्रो पक्ष भनिने) बीच यस धनगढी उप-महानगरपालिकाको स्वामित्वमा रहेको वस विसौनीमा आउने जाने बस एवं अन्य सवारी साधनको पार्किङ्ग शुल्क र बसपार्क टर्मिनल भवनको भुई तल्लाा समेत ठेक्कामा लगाउन स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद-९ को दफा ६० बमोजिम बसपार्क संचालन भएको मितिले १(एक) बर्षका लागि ठेक्कामा लगाउने सम्बन्धमा तपशिलमा उल्लेखित शर्त बमोजिम संचालन गर्ने गराउने गरी आपसी सहमति र मंन्जुरीमा यो संभौता पत्रमा हस्ताक्षर गरी एक प्रति दुबै पक्षले लियौ दियौ ।

### तपसिलका शर्तहरू

१। ठेक्काको अवधी बसपार्कबाट शूल्क उठाउन शुरू भएको मितिले १(एक) बर्षका लागि कायम हुनेछ ।

२। ठेक्काको किस्ता बुझाउने सम्वन्धमा पहिलो पक्ष र दोश्रो पक्ष वीचमा सहमती भए बमोजिमको कुल ठेक्का अंक रू.७५,५१,१५१( पचहत्तर लाख एकाउन्न हजार एक सय एकाउन्न) लाई बराबर ३ किस्ता गरी पहिलो किस्ता अथवा अग्रिम किस्ता वापतको रू. २५,१७,५००। (पच्चीस लाख सत्र हजार पाच सय) प्राप्त भई सकेको छ ।

३। दोश्रो पक्षले पहिलो किस्ता बुझाए पछि वांकि रहेका किस्ताको अनिवार्य रूपमा वैंक ग्यारेन्टी पत्र पेश गर्नु पर्ने छ ।

४। दोश्रो किस्ता रू. २५,१७,०५०। (पच्चीस लाख सत्र हजार पचास मात्र) मिती २०७५ साल माघ मसान्त भित्र बुझाउनु पर्ने छ ।

५। तेस्रो किस्ता रू. २५,१७,०५०। (पच्चीस लाख सत्र हजार पचास मात्र) मिति २०७६ साल जेठ मसान्त भित्र बुझाउनु पर्ने छ ।

६। उल्लेखित किस्ताहरू तोकिएको समयमा दोश्रो पक्षले स्वंय कार्यालयमा आई बुझाउनु पर्ने छ ।

७। बसधनीबाट कर संकलन गर्दा नगदी रसिद दिनु पर्नेछ । उक्त नगदी रसिद क्रमबद्ध मिलाई यस कार्यालयबाट प्रमाणित गराएर,कार्यालयको छाप भएको मात्र प्रयोगमा ल्याउनु पर्ने छ । नगदी रसिद प्रमाणित नगराई रकम संकलन गर्न पाईने छैन ।

८। बसपार्क टर्मिनल भवनको भुई तल्ला र टिकट घरमा प्रयोग गरिने विद्युत महसुलको हकमा ठेक्का भोग चलन गरेको मिर्ति देखि ठेक्का अवधि सम्म स्वयम् ठेकेदारले सम्वन्धित कार्यालयमा महसुल वुझाई सो को जानकारी नगरपालिका कार्यालयमा दिनु पर्नेछ ।

९। दोश्रो पक्षले बस विसौनीमा गाडीहरूको मर्मत सरसफाई गर्ने र ईन्धन चुहाउने जस्ता काम गर्न गराउन पाईने छैन । साथै बस पार्क स्थित टिकट घर र बस पार्कमा कुनै किसिमको टुटफुट गर्ने गराउने छैन, यदि गरिएको खण्डमा टुटफुट भएको स्थानमा मर्मत गरि जस्ताको त्यस्तै दुरस्त बनाउनु पर्ने छ, वा सो मा लाग्ने बरावरको रकम न.पा.लाई वुझाउनु पर्ने छ ।

१०।यस सम्झौता पत्रमा उल्लेखित शर्तहरूमा असर नपर्ने गरी धनगढी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयले दिएका अन्य निर्देशनहरूको पालन दोश्रो पक्षवाट गरिने छ ।

नगर प्रमुख ०९१-५२१७४३,नगर उप प्रमुख,५२०८७४प्रमुख प्रशासकीय अधिकृत:५२०४२९,आ.ले.प.५२०७२९,दमकल सेवा :१०१

उप सचिव (लेखा)

सह-सचिव
(प्रमुख प्रशासकीय अधिकृत)

Scanned by CamScanner

# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी,कैलाली,७ नं. प्रदेश,नेपाल

राजश्व ०७५।०७६
च.नं.

११। दुबै पक्ष बीच कुनै किसिमको विवाद सिर्जना भएमा दुवै पक्षको आपसी सहमतिबाट विवादको समाधान गरिने छ ।

१२। दोश्रो पक्षले बस बिसौनी क्षेत्र भित्र नगरपालिकाको अनुमति विना कुनै पनि किसिमको नयां निर्माण तथा भौतिक संरचना परिबर्तन गर्न पाउने छैन ।

१३। ठेक्का वापतको नेपाल सरकारलाई बुझाउनु पर्ने कर राजश्व र Vat रकम स्वयं ठेकेदारले सम्बन्धित कार्यालयमा बुझाउनु पर्ने छ र सो को रशिंदको फोटो कपी यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

१४।दोस्रो किस्ता बराबरको रकम यस कार्यालयमा बुझाइ सके पछि दोस्रो पक्षले चाहेमा उक्त रकम बराबरको वैंक ग्यारेन्टी फुकुवा गर्न सकिनेछ ।

१५। यस सम्झौता कागजमा उल्लेख भएका शर्तहरू यसै बमोजिम हुने छन र यसमा उल्लेख नभएका शर्तहरू प्रचलित कानून बमोजिम हुने छ ।

१६। बसपार्कमा ठेकदारले सबै प्रकारको यात्रु सवारी साधनलाई प्रबेश गर्न दिनु पर्नेछ ।

संकलन गर्न पाउने पार्किङ्ग शुल्कको दररेट निम्न बमोजिम छ ।

धनगढी उप-महानगरपालिकाको आर्थिक ऐन, २०७५ को दफा १०,अनुसूचि-९ अनुसार पार्किङ्ग शुल्क देहाय अनुसार लिन पाईने छ ।

(१) वसबिसौनीबाट यात्रु बोकेर निस्कने जाने सवारी साधनले लिएको एउटा टिकट रकमको ४० प्रतिशतले हुन आउने रकम प्रति ट्रिप बापत तिर्नु पर्ने छ । जस्तैः धनगढी देखि महेन्द्रनगर सम्मको बस भाडा रू १४८। भएमा सो एउटा टिकटको ४० प्रतिशतका दरले हुन आउने रकम रू ५९।२० पैसा र उक्त ५९।२० को १३ प्रतिशतका दरले हुन आउने भ्याट रकम रू ७।६९ पैसा समेत जोडी रू ६६।८९ पैसा बस पार्क बाट सवारी साधन बाहिर निस्कदा लिने ।

(२) बस बिसौनीमा सवारी साधन बिश्राम गराएमा प्रति सवारी साधन रू.५०।००

(३) तोकिए बमोजिमको शूल्क बसपार्क भित्रबाट मात्र उठाउनु पर्नेछ ।

ठेकेदारको तर्फबाट
दस्तखतः

नामः श्री जनक बहादुर शाही , लम्की चुहा २

साक्षीः सुरेन्द्र पाण्डे,धनगढी २

कार्यालयको तर्फबाट
दस्तखतः २०७५।१०।०५ २०७५।६।२४

नामः चक्र पाणी पाण्डे
पदः सह सचिव(प्रमुख प्रशासकीय अधिकृत)

सह-सचिव
(प्रमुख प्रशासकीय अधिकृत)

रोहवर
हरी प्रसाद उपाध्याय, उप सचिव(लेखा) २०७५।६।२४

लेखनाथ ओझा, आ.ले.प. अधिकृत

उप सचिव (लेखा)



आ.ले.प. अधिकृत

Scanned by CamScanner